# आमाछोदिङमो गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १ | संख्याः २ | मितिः- २०८०/०२/२५

**भाग-२**

आमाछोदिङमो गाउँपालिका


# स्थानीय स्वास्थ्य बीमा संयोजन समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः**

स्वास्थ्य बिमा नियमावली २०७५ को दफा २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बिमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने लगायत कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको १ स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वान्छनीय भएको आमाछोदिङमो गाउँपालिकाको मिति २०८०।०२।२५ गते बसेको बैठकबाट देहायको स्थानीय तह स्वास्थ्य बिमा समिति संयोजन समिति संचालन कार्यविधि २०८० स्वीकृत गरी लागु गरेको छ।

**परिच्छेद-१**
**प्रारम्भिक**

**संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "**आमाछोदीङमो गाउँपालिकाको स्थानीय बिमा संचालन समिति संचालन कार्याविधि, २०८०**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**(२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **ऐन** भन्नाले स्वास्थ्य बिमा बोर्ड ऐन २०७४ सम्झनुपर्छ।

(ख) **स्वास्थ्य बीमा** भन्नाले सेवा प्राप्त गर्नको लागि बीमितले स्वास्थ्य बीमा ऐन २०७४ को परिच्छेद २ बमोजिम स्वास्थ्य बीमा सम्झनुपर्छ ।

(ग) **नियमावली** भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली २०७५ सम्झिनुपर्छ ।

(घ) **गाउँपालिका** भन्नाले आमाछोदिङ्गो गाउँपालिका लाई जनाउनेछ .

(ङ) **बोर्ड** भन्नाले स्वास्थ्य बिमा बोर्ड लाई सम्झनुपर्छ ।

(च) **सेवा** भन्नाले स्वास्थ्य बिमा ऐन २०७४ को दफा ५ बमोजिम बीमितले प्राप्त गर्ने सेवा सम्झनुपर्छ ।

(छ) **संयोजन समिति** भन्नाले नियम २६ बमोजिम स्थानीय तहले गठन गरेको स्वास्थ्य बिमा संयोजन समिति सम्झनुपर्छ ।

## परिच्छेद-२
## समितिको गठन

**३. संयोजन समिति गठनः** (१) एक स्वास्थ्य बीमा नियमावली २०७५ को नियम २६ बमोजिम गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको आमाछोदिङ्गो गाउँपालिका स्तरीय स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति रहने छ।

| | |
|---|---|
| (क)प्रमुख आमाछोदिङ्गो गाउँपालिका | संयोजक |
| (ख) उपप्रमुख आमाछोदिङ्गो गाउँपालिका | सदस्य |
| (ग) गाउँपालिका अध्यक्षले मनोनित गरेको कार्यपालिका सदस्य मध्येबाट १ जना | सदस्य |
| (घ)गा.पा. अध्यक्षले मनोनित गरेको स्वास्थ्य बिमा कार्यक्रम सम्झौता भएको सेवा प्रदायक स्वास्थ्य संस्थामध्ये१जना | सदस्य |
| (ङ)गा.पा. अध्यक्षले मनोनित गरेको स्वास्थ्य क्षेत्रमा अनुभव हासिल गरेका गाउँपालिका भित्रका महिला स्वास्थ्य स्वयम् सेविका मध्येबाट एकजना | सदस्य |
| (च) प्रशासन शाखा प्रमुख | सदस्य |
| (छ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| (ज) स्वास्थ्य शाखा प्रमुख आमाछोदिङमो गाउँपालिका | सदस्य सचिव |
| (झ)दर्ता अधिकारी स्वास्थ्य बिमा बोर्ड आमाछोदिङमो गाउँपालिका अन्तर्गत(आमाछोदिङमो गाउपालिका हेर्ने) | सदस्य |

(२) संयोजन समितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नेछ आवश्यकतानुसार अन्य बैठकसमेत बस्न सक्नेछ ।

(३)सदस्य सचिवले बैठकको कार्यसूची संयोजकको स्वीकृतीमा तयार गर्नुपर्ने छ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास बिषय विज्ञ वा पदाधिकारीले आमन्त्रण गर्न सकिनेछ ।

(६) सदस्यहरूलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसूची सामन्यतया तिन दिनअघि दिनु पर्नेछ तर कुनै खास विषयमा २४ घण्टाअघि जानकारी दिए बैठक बस्न बाधा पर्नेछैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्यसचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम कानुन बमोजिमको बैठक भत्ता पाउनेछ ।

(९) सचिवालयको काम सम्बन्धित पालिकाको कार्यालयले गर्नेछ ।

**काम कर्तव्य अधिकार: संयोजन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।**

(क) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य बीमा कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने तथा पालिका भित्रका वडाहरुमा कार्यरत स्वास्थ्य बीमाका दर्ता सहयोगलाई परिचालन गरी कार्यको अनुगमन गर्ने ।

(ख) गाउँपालिका अन्तर्गतका सरकारी सर्वजनिक संस्थाहरूको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन निमावालिले तोके बमोजिमको प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्द गराउन समन्वय गर्ने ।

(ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्द गर्न गाउपालिका र बिमा बोर्ड बिच समन्वय गर्ने ।

(घ) नसर्ने रोगको लागि नियमानुसार कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन बोर्डसँग सम्वन्य गर्ने ।

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउनसक्ने ।

(च) गाउँपालिका अनर्तर्गत रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको सेवाको गुणस्तर वृद्दी गर्ने गराउने ।

(छ) बीमा बाट प्रदान गरिने औषधिहरु पालिका अन्तर्गतको स्वास्थ्य संस्थाहरु द्धारा संचालित फर्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने ।

(ज) स्वास्थ्य संस्थाहरुमा उपकरण प्रयोगशालाको सेवामा निरन्तरता स्तर उन्नती र पुर्वाधार अभिवृद्धिमा सहयोग गर्ने ।

(झ) कार्यक्रम प्रवर्दनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रदेश र बोर्डसँग समन्वय गर्ने ।

(ञ) संयोजन समितिले आवश्यक देखेको बिमा कार्यक्रमसंग सम्बन्धित अन्य विषयहरूमा समन्वय र सहजीकरण गर्ने ।

(ट) स्वास्थ्य बिमा कार्यक्रमको अभिवृद्दी गर्न गाउपलिका स्तरीय सम्पूर्ण शैक्षिक कार्यक्रमहरुमा स्वास्थ्य बीमा कार्यक्रम को महत्व बारेमा कार्यक्रम संचालन गर्ने गराउने ।

(ठ) स्वास्थ्य बीमा कार्यक्रमलाई गाउँपालिका क्षेत्रभित्र प्रभावकारी बनाउन प्रत्येक वडा तहमा वडाध्यक्षको संयोजकत्वमा वडा सदस्यहरु,वडा सचिव,स्वास्थ्य संस्था प्रमुख वडामा कार्यरत स्वास्थ्य बीमा दर्ता सहयोगी तथा वडा भित्रको महिला स्वास्थ्य स्वंयम सेविका अभ्यासमा रहेको संयोजक/अध्यक्ष सम्बन्धित स्वास्थ्य बिमा वडा संयोजन समिति गठन गर्ने ।

५. बजेट स्वास्थ्य बीमा सयोजन समितिको सचिवालय संचालनको लागि आवश्यक खर्चको व्यवस्था पालिकाले गर्न सक्नेछ ।

## पारिच्छेद -३

## विविध

६. **कार्यविधिमा संशोधनः** गाउँ कार्यापलिकाले यस कार्यविधिमा अवश्यक संशोधन गर्न सक्नेछ ।

७. **बाधा अड्काउ फुकाउने अधिकारः**यो कार्यविधि कार्यन्वयन गर्न गर्न कुनै बाधा आर्जन पर्न आएमा गाउँ कार्यापालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

८. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्याविधिमा लेखिएको विषयमा यसै कार्याविधि बमोजिम हुनेछ ।

९. यो कार्यविधि मिति २०८०/०२/२६ गते देखि लागु हुनेछ ।

स्वीकृत मितिः- २०८०/०२/२५

**आज्ञाले,**
**अमर बहादुर जि.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**